## सूचना ६

श्री ५ को सरकारले जिल्ला कार्यालय पाँचथरका प्रमुख जिल्ला अधिकारी श्री केशवप्रसाद पौडेल मन्त्रालयमा हाजिर हुनुभएकोले उहाँ कार्यालयमा हाजिर नभए-सम्मको लागि सो प्र. जि. अ. पदमा सीमा प्रशासन शाखा इलामका शा. अ. श्री कुलप्रसाद थापालाई नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी मिति २०४७।४।३० देखि का. मु. मुकरर गरेको छ ।

## सूचना ७

श्री ५ को सरकारले जिल्ला कार्यालय दार्चुलाको का. मु. प्र. जि. अ. श्री ताराप्रसाद भट्टराईको घर बिदा मिति २०४७।४।३० देखि स्वीकृत गरेको हुँदा उहाँ बिदाबाट फर्की जि. प्र. कार्यालयमा हाजिर नभएसम्मको लागि उक्त प्र. जि. अ. पदमा सीमा प्रशासन शाखा दार्चुलाका शा. अ. श्री यज्ञराज बोहरालाई सोही मितिदेखि नै लागू हुने गरी नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी का. मु. मुकरर गरेको छ ।

## सूचना ८

श्री ५ को सरकारको मिति २०४७।४।२१ को निर्णयानुसार, नेपाल प्रशासन सेवा, रा. प. तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।

| क्र. सं. | नाम थर | साबिक पद तथा कार्यालय | सरुवा भएको पद तथा कार्यालय |
|---|---|---|---|
| १. | श्री बाबुराम लामिछाने | प्र. अ., जिल्ला कार्यालय, संखुवासभा | प्र. अ., जिल्ला कार्यालय, स्याङजा |
| २. | श्री काशीनाथ मरासिनी | शाखा अधिकृत, इलाका प्रशासन शाखा, मझगवा, रूपन्देही | प्रशासकीय अधिकृत, जिल्ला कार्यालय, मुस्ताङ |
| ३. | श्री दुर्गामणि सापकोटा | प्रशासकीय अधिकृत, जिल्ला कार्यालय, दैलेख | प्रशासकीय अधिकृत, जिल्ला कार्यालय, संखुवासभा |
| ४. | श्री भागवतप्रसाद खनाल | प्रशासकीय अधिकृत, जिल्ला कार्यालय, मुस्ताङ | प्रशासकीय अधिकृत, जिल्ला कार्यालय, दैलेख |



१३५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।